# मानवसेवा आश्रम
# (मानवता प्रवर्द्धन महाअभियान)
# शाखा कार्यालय : भरतपुर, चितवन
# प्रगति प्रतिवेदन
# आ.व. : २०७६/०७७

**विभिन्न कारणहरुबाट सडकपेटी एवं सार्वजनिक स्थलहरुमा अत्यन्त कष्टपूर्ण जीवनयापन गर्दै आइरहेका सहयोगापेक्षी सडकआश्रित मानवहरुको उद्धार, उपचार, परामर्श एवम् पारिवारिक पुनर्मिलन गर्दै देशलाई सहयोगापेक्षी सडकआश्रित मानवमुक्त राष्ट्र निर्माण गरि घोषणा गर्ने उद्देश्यका साथ २०६९ साल भाद्र १३ गते बागमती प्रदेश मकवानपुर हेटौडामा स्थापना भएको यस मानवसेवा आश्रम (मानवता प्रवर्द्धन महाअभियान) को पहिलो शाखाको रुपमा मानवसेवा आश्रम चितवन शाखा वि.स. २०७२ मंसिर ०७ गते भरतपुर १० बाईपास रोड (आँखा अस्पताल नजिक) घर भाडामा लिएर अनौपचारिक रुपमा सेवा सुरुवात गरिएको थियो भने वि.स. २०७२ माघ २३ गते देखि मानवसेवा आश्रमको बागमती प्रदेश चितवन शाखाको सेवा औपचारिक रुपमा शुभारम्भ गरिएको हो । मानवसेवा आश्रम शाखा कार्यालय चितवनको स्थापना भएको समयदेखीको सेवाको प्रगति विवरण निम्नानुसार रहेको छ ।**

आजको दिनसम्म चितवन जिल्ला र छिमेकी जिल्लाहरुबाट सहयोगापेक्षी सडकआश्रित मानवहरुको उद्धार, पारिवारिक पुनःमिलन र आश्रितको विवरण यस प्रकार रहेको छ।

**०७२ देखी ०७७ सम्म कुल उद्धार, पारिवारीक पुनर्मिलन तथा सेवा तथ्यांक**

| कुल उद्धार | पारिवारिक पुर्नमिलन | स्वर्गीय | स्वेच्छिक आश्रम छोडेको | आश्रित | स्थानान्तरण |
|---|---|---|---|---|---|
| ५८२ | १६७ | ८० | २१७ | ५५ | ६३ |

**२०७६ कार्तिक ९ गते भरतपुर महानगरपालिका सहयोगापेक्षी सडकमानवमुक्त महानगर घोषणा पश्चात उद्धार एवम् पारिवारीक पुनर्मिलन विवरण**

| कुल उद्धार | पारिवारिक पुर्नमिलन | स्वर्गीय | स्वेच्छिक आश्रम छोडेको | आश्रित | स्थानान्तरण |
|---|---|---|---|---|---|
| २४५ | ७७ | १८ | ७९ | १०८ | १५ |

**सम्पन्न भएका कार्यक्रमहरु :**

| क्र.स | कार्यक्रमको नाम | लक्षित समुह | उद्देश्य | सहभागीको संख्या | उपलब्धी | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | स्वास्थ्य शिविर सञ्चालन | मानवसेवा आश्रममा आश्रित सम्पूर्ण लक्ष्मीनारायण तथा बालगोपालहरु। | आश्रममा आश्रित आमाबुबाहरु तथा बालगोपालहरुको स्वास्थ्य अवस्था पत्ता लगाउने। | ८५ | स्वास्थ्य शिविर कार्यक्रम सम्पन्न | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २. | सामुहिक टिका कार्यक्रम | मानवसेवा आश्रममा रहेर गरिमा बढाईरहनुभएका लक्ष्मीनारायण तथा बालगोपाल, आश्रमका सम्पूर्ण शुभेच्छुक तथा अभिभावकज्यू, अभियन्ताज्यूहरु। | सामाजिक तथा पारिवारिक भावना विकास गर्न। | २०० | भरतपुर महानगर प्रमुख, माननीयहरु र आश्रमका अभिभावकज्यूहरु | |
| ३. | सहयोगापेक्षी सडक मानवमुक्त भरतपुर महानगरपालिका घोषणा कार्यक्रम | भरतपुर महानगरमा रहेका सहयोगापेक्षी अवस्थामा रहनुभएका अभिभावकविहीन सडक मानवहरु | सडक मानवहरुको उद्धार, उपचार र पारिवारिक पुनर्मिलनको सेवालाई तिव्र गतीमा अगाडी बढाउनु एवं सम्पूर्ण भरतपुरवासी एवं सरोकारवाला निकायहरुमा सहयोगापेक्षी मानवहरुको मानवोचित व्यवस्थापनका निम्ति जिम्मेवार गराउनु | ५००० | नगर र जिल्लाको सडकपेटी एवं सार्वजनिक स्थलहरुमा कष्टकर अवस्थामा जीवनयापन गर्नुपर्ने अवस्थाको अन्त्य भएको छ। | |
| ४. | आमा सेमिनार | चितवन जिल्ला भित्रका १८ देखि ५० वर्षसम्मका व्यक्तिहरु | जन्मदिने आमा र बुबाको महत्त्व र उहाँहरु प्रतिको दायित्व बोध गराउन। | ५०० | कार्यक्रममा सहभागीहरुले आफूलाई जन्मदिने आमा र बुबा प्रतिको दायित्व बोध भएको। | |
| ५. | नियमित सडकसेवा कार्यक्रम | भरतपुर महानगरपालिका एवं आसपासका स्थानीय निकायहरु सहित छिमेकी जिल्लाहरु | सहयोगापेक्षी सडकआश्रित मानवहरुको अवस्था अध्ययन, उद्धार, उपचार एवं पारिवारिक पुनर्मिलन | २७५ | सहयोगापेक्षी सडकआश्रित मानवहरुको अवस्था अध्ययन, उद्धार, उपचार एवं पारिवारिक पुनर्मिलन सेवा सम्पन्न | |
| ६. | मानवता प्रवर्द्धनका कार्यक्रमहरु | मानवसेवा आश्रम (मानवता प्रवर्द्धन महाअभियान) साथै बागमती प्रदेश, चितवन जिल्ला र आसपासका क्षेत्रबाट प्रत्यक्ष र अप्रत्यक्ष रुपमा | सहयोगापेक्षी सडकआश्रित मानवहरुको मानवोचित व्यवस्थापनको आवश्यकता एवं यस प्रतिको दायित्वबोध गराउन। | ५००० | सहयोगापेक्षी सडकआश्रित मानवहरुको मानवोचित व्यवस्थापनमा चितवन जिल्ला लगायत छिमेकी जिल्लाहरुले आवश्यकता एवं यस प्रतिको आफ्नो | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | जोडिनुहुने सम्पूर्ण मानवताप्रेमी मनहरु । | | | दायित्वबोध गर्दै उहाँहरुको उद्धारको कार्यमा जुटिरहेको । | |

**अन्य उपलब्धीहरु**

**क) जग्गा उपलब्धता एवं भवन निर्माण :**

सहयोगापेक्षी सडकमानव रहित भरतपुर महानगरपालिका घोषणा भईसकेको र चितवन जिल्ला तथा सिङ्गो बागमती प्रदेश घोषणाको लागि हाल घर भाडामा लिएर सञ्चालन गरिरहेको आश्रमबाट मात्र असम्भव हुने तथा कम्तिमा पनि २०० जना सहयोगापेक्षी मानवहरुलाई सेवा दिन सकिने गरि सहयोगापेक्षी मानव मैत्री भवन तथा खुला क्षेत्र हुन जरुरी भएकोले सोही बमोजिमको भवन निर्माणको लागि भरतपुर महानगरपालिका – ३, बेलचोकमा परोपकारी मानवताप्रेमी उदारमनाहरु आदरणीय स्व. भगवानदास श्रेष्ठ ज्युको परिवार र प्रेम कुमार श्रेष्ठज्युले आश्रमको सेवा सहजताको लागि लागि भरतपुर महानगरपालिका वडा नं ३ बेलचोकमा आफ्नो जग्गा उपलब्ध गराउनु भए पश्चात उदारमना दाताको सहयोग र आश्रमको केन्द्रीय कार्यालको योगदानमा प्रशासनिक भवनको संरचना निर्माणको कार्य अगाडी बढिरहेको छ । साथै लक्ष्मीनारायणको व्यवस्थापनको लागि छुट्टा छुट्टै आवास गृह निर्माण गर्न बागमती प्रदेश सरकारले पुरुषहरुको सेवाको लागि भवन "नारायण भवन" निर्माणको लागि आ.व २०७७/०७८ मा रु. ५० लाख बजेट विनियोजन गरेको छ । त्यस्तै महिलाहरुको सेवाको लागि भवन "लक्ष्मी भवन" को लागि बजेट उपलब्ध गराई दिनु हुन भरतपुर महानगरपालिकालाई सादर अनुरोध गरिएको छ।

ख) अन्य नियमित कार्यक्रमहरुः

१. नियमित उद्धार तथा पारिवारिक पुनर्मिलन:

भरतपुर महानगरपालिका , सामाजिक विकास मन्त्रालय, जिल्ला प्रहरी कार्यलय, जिल्ला प्रशासन कार्यलय र मानवसेवा आश्रमको संयुक्त प्रयासमा २०७६ कार्तिक ९ गते सहयोगापेक्षी (बेसहारा, अशक्त, असहाय, अनाथ, अभिभावकविहीन) सडकआश्रित मानवमुक्त भरतपुर महानगरपालिका घोषणा भएसंगै प्रत्येक सोमबार नियमित रुपमा रात्रिकालिन सडकसेवा गर्ने तथा सहयोगापेक्षी सडकमानवहरुको उद्धार गर्ने सेवा भइराखेको छ । स्थानको सिमितताको कारण समस्यामा रहेका सम्पुर्ण मानवहरुको उद्धार सम्भव नभएपनि हर सम्भव रुपमा भरतपुर चितवन शाखाबाट मानवसेवा आश्रमको अन्य शाखाहरुमा स्थानान्तरण गराएर भए पनि उद्धार गर्ने गरिएको छ । हाल नेपाल लगाएत विश्वमा नै महामारीको रुपमा फैलिएको कोरोना भाईरस (COVID - 19) को कारणले गर्दा देशमा लकडाउन भएको समय सिर्जना हुदा समेत सडक पेटीमा कष्टकर जीवनयापन गर्न विवश भएका सहयोगापेक्षी सडक मानवहरुको उद्धार एवं पारिवारिक पुनर्मिलनको सेवा भइरहेको छ ।

२. नियमित स्वास्थ्य परिक्षण:

आश्रममा रहेर सेवा लिनुहुने सम्पूर्ण लक्ष्मीनारायण एवं बालगोपालज्यूहरुको आश्रममा रहेर सेवा प्रदान गर्नुहुने स्वास्थ्यकर्मीहरुबाट नियमित रुपमा आश्रममा हुन सक्ने परीक्षणहरु आश्रममा नै गर्ने र जटील समस्या भएकाहरुलाई आवश्यक उपचारका निम्ति अस्पताल लैजाने सेवाहरु भइरहेको छ ।

३. लक्ष्मीनारायणहरुको मन बहलाउन विभिन्न कार्यक्रमहरु:

आश्रममा सेवा लिइरहेका लक्ष्मीनारायणहरुलाई पारिवारीक वातावरणको महशुस गराइराख्न संस्थाले विभिन्न चाडपर्वहरुलाई विशेष तरिकाबाट मनाउने गरेको छ। त्यसैगरी प्रत्येक दिन बिहान र साझ एक १/१ घण्टा विभिन्न भजनकिर्तन कार्यक्रमहरु, सामुहिक नृत्य एवं संगितीक कार्यक्रमहरु लगायत विभिन्न स्थानहरुको भ्रमण गराउने कार्यक्रमहरु आयोजना हुने गरेको छ भने हाल लक्ष्मी नारायणहरुलाई धुप बाट्ने, टपरी बनाउने सेवामा समेत सहभागी गराएका छौ।

४. मानवता प्रर्वद्धन सम्बन्धी कार्यक्रमहरु :

मानवसेवा आश्रमको साझा लक्ष्य वि.सं. २०८२ साल भित्र नेपाललाई मानवीयताको देशको रुपमा स्थापित गर्नका लागि विभिन्न स्कुल, कलेज, टोल तथा विभिन्न संघ संस्थाहरुमा मानवता प्रर्वद्धन सम्बन्धी कार्यक्रमहरु सकारात्मक सोच सिर्जनशिलता, रचनात्मकता र मानवीय भावना ओतप्रोत गराउने उद्देश्यले कार्यक्रमहरु आयोजना गरिएको छ यस संगै मानवसेवा आश्रमको भवन निर्माण एंव मानवता प्रवद्र्धनका निम्ति विभिन्न रचनात्मक कार्यक्रमहरु सम्पन्न भएको छ सोही क्रममा चितवन जिल्लाका विभिन्न स्थानहरुमा मानवसेवा आश्रमद्वारा तयार पारिएको सडक नाटक लौरो समेत प्रस्तुत गरी जनजनमा मानवता जगाउने सेवा भएको छ।

**समस्या र चुनौतिहरु :**

१. कोरोना कहर :

विश्वव्यापी महामारीको रुपमा फैलिएको (कोभिड १९) कोरोना भाइरसका कारण देशमा सिर्जित लकडाउनका कारण मानवसेवा आश्रममा ठूलो समस्या/चुनौती देखिएको छ। विशेष गरी सम्पूर्ण परोपकारी मनहरुको मुठ्ठीमुठ्ठीको सहयोगबाट सञ्चालित यस मानवसेवा आश्रममा कोरोना भाइरसका कारण सहयोगीदाताहरु आगमन हुन नपाउदा सेवा सञ्चालनमा अत्यन्तै ठूलो कठीनाई भइरहेको छ साथै आश्रमको आफ्नै भवन नहुदा भाडाको घरमा सञ्चालन गरिएका दुवै आश्रमको क्षेत्रफल कम भएका कारण आश्रमको आफ्नै क्वारेन्टाइन एवम् आइसोलेशन सेन्टर नहुदा सडकपेटीमा भएका सडकमानवहरुको उद्धार गरी आश्रममा ल्याउन कठिन भएको एवम् उद्धार गरी ल्याइसकेपश्चात पनि डरैडरको विचमा सेवा जुट्नुपर्ने भएकोले यस मानवीय सेवा थप चुनौतीपूर्ण बन्दै गइरहेको छ।

२. उद्धार एवम् पारिवारिक पुनर्मिलनमा चुनौती :

मानवसेवा आश्रमको आफ्नै उद्धार वाहान नहुदा रातीको समयमा उद्धारको लागि फोन आउदै गर्दा उद्धार कार्य कठिनाई भइरहेको र उद्धार गरी आश्रममा ल्याइसकेपश्चात पनि उहाँहरुको परिवार पत्ता लगाई पारिवारीक पुर्नमिलन गराउने सेवामा उद्धार वाहान अभावका कारण सवारी साधनहरु भाडामा लिएर जानुपर्ने बाध्यता र त्यसको अधिकत्तमा आर्थिक खर्चका कारण आश्रम व्यवस्थापनमा समेत कठिनाइ भइरहेको छ।

३.स्वास्थ्य

मानवसेवा आश्रममा रहेर सेवा लिनुहुने अधिकाशं बुवाआमाहरुमा मानसिक स्वास्थ्य समस्या छ भने धेरै शारिरिक रुपमा अशक्त, अपाङ्ग र निकै कमजोर हुनुहुन्छ उहाँहरुले लिनुहुने नियमित औषधीहरु व्यवस्थापन आश्रमको लागि अर्को समस्या बन्दै गएको छ। परोपकारी उदारमना व्यक्तित्व ज्यूहरु, औषधी व्यवसायी संघका तर्फबाट केही हदसम्म औषधी उपचारमा सहयोग भएतापनि यसको नियमित उपलब्धता नहुदा र कतिपय लक्ष्मीनारायणहरुको शल्यक्रिया समेत गर्नुपर्ने अवस्थामा अस्पताल प्रशासनबाट उपलब्ध हुन सक्ने सहयोग पाउदा पाउदै पनि धेरै आर्थिक लगानी औषधी उपचारमा गर्नुपर्ने भएकोले आश्रमको स्वास्थ्य सेवामा समेत समस्या हुने गरेको छ।

४. भवन निर्माणमा चुनौती :

मानवसेवा आश्रमले परोपकारी मानवताप्रेमी मनहरुको सहयोगमा सेवा सञ्चालन गरिरहेको अवस्थामा आमा बुबाको सेवाको लागि प्राप्त सहयोगले घर भाडा बुझाउनुपर्ने भएकोले सोचे अनुरुपको सेवा प्रदान गर्न नसकिरहेको स्वयं अनुभुति गरिरहेका छौँ। त्यसैले भाडाको घरबाट केही रकम खर्च गरेर आफ्नै भौतिक संरचना निर्माण गर्न सकियो भने भविष्यमा भाडाबाट मुक्त भई सेवाको गुणस्तर बढाउन सकिन्छ।

हाल भवन निर्माणको लागि प्रदेश सरकारले रु. ५० लाख विनियोजन गरेको प्रति आभार व्यक्त गर्दछौँ तर भवनको अनुमानित लागत धेरै रहेकोले सोचे अनुरुपको सेवा हुन सकिरहेको छैन।

**भावी योजना :**

१. चितवन जिल्ला लगायत छिमेकी जिल्लाका विभिन्न स्थानमा रहेका सम्पुर्ण बेसहारा तथा सहयोगापेक्षी मानवहरुको उद्दार गरि सेवा प्रदान गरिने छ।

२. उद्दार गरिएकाहरु मध्येबाट परिवारको खोजि कार्य गरी सम्भव भएसम्मलाई पारिवारीक पुनस्थापना गरिने छ।

३. चितवन जिल्ला लगायत अन्य क्षेत्रका सरोकारवाला निकायहरुसँगको अन्तरक्रिया तथा सहयोगापेक्षी सडकमानवहरुको यथार्थ अवस्थाको अवलोकन तथा जोखिममा रहेका सहयोगापेक्षी मानवहरुको उद्दार गरिने छ।

४. बागमती प्रदेशलाई नै सहयोगापेक्षी सडक आश्रित मानवमुक्त निर्माणको लागि आवश्यक प्रक्रिया सुरु गरि सकिएकोले चितवन जिल्ला घोषणा कार्यक्रमलाई अगाडी बढाउन आवश्यक संयन्त्र तयार गर्ने।

५. यथासक्य आश्रमको आफ्नै भौतिक संरचना निर्माण गरी सेवा प्रदान गर्ने।

६. मानवता प्रवर्द्दन का कार्यक्रमहरु जिल्ला व्यापी रुपमा संचालन गर्ने।

**अन्तमा:**

असल उद्देश्यका साथ सुभारम्भ गरिएका कार्यक्रम तत्क्षणको लागि असम्भव जस्तो देखिने भएपनि सबैको साथ र सहयोग रहने हो भने यो कुनै असम्भव कार्य होला जस्तो लाग्दैन यसले कति सफलता प्राप्त गर्ला यो यस संस्थामा संलग्न व्यक्ति र उदारमना परोपकारी महानुभावहरुको सक्रियता र कार्य कुशलतामा भर पर्ने कुरा हो। राम्रो कार्यको सुभारम्भ भएको छ भने त्यसलाई सफल पार्न ईश्वरले अनेकलाई प्रेरणा दिनुहुन्छ भन्ने भावनालाई विश्वास गर्नु नै अहिलेको लागि समायोचित हुने देखिन्छ। आऔ सबै सद्संकल्पका साथ जुटौ, आफुपनि बाँचौ अरुलाई पनि बचाऔँ, मानवीयताको क्षेत्रमा हातेमालो गरौँ।

हाम्रो चाहना : सबैको लागि खाना नाना छाना

हाम्रो प्रतिबद्दता : सहयोगापेक्षी ९वेसहारा, अशक्त, असाहय, अनाथ, अभिभावकविहिन० सडक आश्रित मानवमुक्त राष्ट्र नेपाल निर्माण एवं घोषणा

हाम्रो सपना : मानवीयताको राष्ट्र नेपाल (The Country of Humanity, Nepal)

***** जय मानवसेवा *** जय मानवता *****